# ज्वालामूखी गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

(अन्तिम प्रतिवेदन)

## गाउँ कार्यपालिकाको कार्यालय

साँधभञ्ज्याङ, धादिङ, बाग्मती प्रदेश

२०७७

## दस्तावेज/प्रतिवेदन

| | |
|---|---|
| **दस्तावेज :** | *ज्वालामूखी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **सहयोग** | *भूकम्प पश्चातको पुनःनिर्माणको लागि बेलायत सरकारको सहयोग (पुर्णिमा)* |
| **परामर्शदाता :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि., काठमाडौं* |
| **मिति :** | *२०७७* |


## कृतज्ञता ज्ञापन

*ज्वालामूखी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री विनोद राज तिमल्सेना, उपाध्यक्ष श्री जानुका सिंखडा, प्रमुख प्रशासकीय अधिकृत श्री बद्रीनाथ लम्साल तथा कार्यपालिका सदस्यहरू, गाउँपालिकाका कर्मचारीहरू, पूर्णिमा परियोजनाको विज्ञ समूह, लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***एस.डि.आई.सि. परिवार***

# विषय सूची


| | | |
|---|---|---|
| **परिच्छेद – एक : परिचय** | | **४** |
| १.१ | प्रतिवेदनको बारेमा | ४ |
| १.२ | राजस्व सुधार योजनाको औचित्य | ४ |
| १.३ | कार्यक्रमको उद्देश्य | ५ |
| १.४ | कार्यक्रमको क्षेत्र | ५ |
| १.५ | कार्यक्रम विधि तथा प्रक्रिया | ६ |
| १.६ | अध्ययनको सीमा | ८ |
| **परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय** | | **९** |
| २.१ | गाउँपालिकाको गठन तथा नामांकरण | ९ |
| २.२ | प्रशासनिक विभाजन | ९ |
| २.३ | भौगोलिक तथा प्राकृतिक अवस्था | ९ |
| २.४ | वडागत रुपमा घरधुरी तथा जनसंख्या | १० |
| २.५ | आर्थिक अवस्था | १० |
| २.६ | गाउँपालिकाको मानवीय संशाधन | ११ |
| २.७ | गाउँपालिकाको भौतिक सम्पत्ति | १२ |
| **परिच्छेद – तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता** | | **१३** |
| ३.१ | स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | १३ |
| ३.२ | आन्तरिक आय परिचालनको वर्तमान अवस्था | १६ |
| ३.३ | आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | १८ |
| **परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा अवस्था** | | **२६** |
| ४.१ | राजस्व परिचालन सम्बन्धी नीति | २६ |
| ४.२ | विगतको राजस्व संकलनको अवस्था | २७ |
| ४.३ | आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता | २७ |
| ४.४ | राजस्व परिचालनमा रहेका सवालहरू | २८ |
| **परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना** | | **३०** |
| **परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण** | | **३४** |
| ६.१ | राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण | ३४ |
| ६.२ | आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण | ३६ |
| **परिच्छेद – सात : कार्ययोजनाको अनुगमन तथा मूल्यांकन** | | **३८** |

**परिच्छेद – आठ : निष्कर्ष तथा सुझाव** **३९**

८.१ निष्कर्ष तथा सुझाव ३९

**अनुसूचीहरू** **४१**

अनुसूची १ : सन्दर्भ सामग्रीहरू ४२

अनुसूची २ : तथ्यांक तथा सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम ४३

अनुसूची ३ : राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण ४७

अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा ४९

अनुसूची ५ : आ.व. २०७७/०७८ का लागि आर्थिक विधेयक मस्यौदा नमूनाको रुपमा ५०

# परिच्छेद – एक : परिचय

## १.१ प्रतिवेदनको बारेमा

राजस्वसम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्ने प्रयोजनमा सहजीकरण गर्ने प्रयोजनका लागि बाग्मती प्रदेश अन्तर्गत धादिङ जिल्लाको ज्वालामूखी गाउँपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन तयार गरेको हो । दातृ तथा विज्ञ संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोगमा गाउँपालिकाले तयार गरेको यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका अतिरिक्त गाउँपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

*१. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि*

*२. गाउँपालिकाको संक्षिप्त परिचय*

*३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता*

*४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था*

*५. राजस्व सुधार कार्ययोजना*

*६. आगामी ३ वर्षको आय प्रक्षेपण*

*७. निष्कर्ष तथा सुझाव*

*८. अनुसूची (आगामी आ.व.का लागि आर्थिक ऐनको मस्यौदा सहित)*

## १.२ राजस्व सुधार योजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न चिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरूले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन जान्छ ।

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित

तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुँने हुँदा गाउँपालिकाले प्राथमिकता प्राप्त आयोजनाहरूको आकार आँकलन गर्न सहज हुनेछ ।

राजस्व प्रक्रियामा सुधारका लागि ज्वालामूखी गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको एक प्रमुख उपलब्धीका रुपमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै गाउँपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको हुनेछ र मुख्य उपलब्धीका रुपमा गाउँपालिकाको कार्ययोजना तयारी भएको हुनेछ तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको हुनेछ ।

## १.३ कार्यक्रमको उद्देश्य

ज्वालामूखी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो ।

## १.४ कार्यक्रमको क्षेत्र

यस कार्यक्रमले देहाय अनुसारका क्षेत्रहरू समेटेको छ :

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, गाउँपालिकाका शाखा तथा उपशाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आ.व.का लागि आर्थिक ऐन मस्यौदामा आवश्यक सहयोग गर्ने ।

## १.५ कार्यक्रम विधि तथा प्रक्रिया

उल्लिखित कार्यका लागि सम्बन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, गाउँपालिकाका सम्बद्ध पक्षहरु संग छलफल जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### *१.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### *१.५.२ तथ्याङ्क/सूचना संकलन*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा गाउँपालिकाबाट पुर्णिमा कार्यक्रमका कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्ष चैत्र मसान्तसम्मको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### *१.५.३ दस्तावेज अध्ययन तथा पुनरावलोकन, तथ्याङ्क विश्लेषण र मस्यौदा कार्ययोजना तयारी*

अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई विभिन्न तथ्याङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको थियो । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको यो प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.५.४ मस्यौदा कार्ययोजना (प्रतिवेदन) सम्बन्धीत पक्ष समक्ष पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मूख्य सरोकारवालापक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको थियो । यस क्रममा गाउँपालिकाका सम्बन्धित शाखा लगायत अन्य सम्बद्धपक्षहरुलाई समेत मस्यौदा प्रतिवेदन उपलब्ध गराई आवश्यक सल्लाह तथा सुझावहरु संकलन गरिएको थियो ।

### *१.५.५ अन्तिम कार्यशाला गोष्ठीको आयोजना*

ज्वालामुखी गाउँपालिकाको आयोजनामा २०७७ साल असोज १६ गते मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सो उपर सुझाव संकलन तथा राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने उपायहरुमाथी छलफलका लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो ।

कार्यशाला गोष्ठी गाँउपालिका उपाध्यक्ष तथा स्थानीय राजस्व परामर्श समितिका संयोजक श्री जानुका सिंम्खडाको अध्यक्षतामा सञ्चालन भएको थियो । गोष्ठीमा गाँउपालिकाका अध्यक्ष श्री विनोद राज तिमल्सिना, प्रमुख




प्रशासकीय अधिकृत श्री बद्रीनाथ लम्साल लगायत गाउँकार्यपालिकाका सदस्यहरु, राजस्व परामर्श समितिका सदस्य, गाउँपालिकाका कर्मचारीहरु तथा पुर्णिमा कार्यक्रमका कर्मचारीहरु गरि जम्मा २६ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीहरुको नामावली अनुसूची ३ मा दिइएको छ ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री बद्रीनाथ लम्सालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र यसको महत्वको बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा परामर्शदातृ संस्थाको तर्फवाट दामोदर गिरी र विमल पोखरेलले शिर्षकगत रुपमा मस्यौदा प्रतिबेदन पेश गरी सो उपर प्राप्त सुझावहरु टिपोट गरिएको थियो । सोही क्रममा राजश्व परामर्श समितिका पदाधिकारीहरुसँग छलफल गरी गाउँपालिकाको अर्थ विधेयक तर्जुमाका विविध पक्षहरु बारे छलफल गर्नुका साथै



राजश्व परामर्श समितिको प्रभावकारी परिचालनका उपायहरु माथि अन्तरक्रिया गरिएको थियो । कार्यक्रमको समापन सत्रमा गाउँपालिका अध्यक्षज्यूले सहभागी तथा सहयोगि निकायहरुलाई धन्यवाद दिँदै गाउँपालिकाको आय बृद्धि गर्न करको दायरा विस्तार गर्नुपर्ने कुरामा जोड दिनुपर्ने भनाई राख्दै मन्तव्य व्यक्त गर्नुभएको थियो । स्थानीय सरकार संचालन ऐनको सम्पत्ति कर सम्बन्धी व्यवस्थामा भएको परिमार्जनले गर्दा यो कर लागू गर्न केही कठिनाई भएको भएता पनि हालको कानुनी व्यवस्था अनुरुप कर परिचालन गर्न लागिएको जानाकारी गराउनु भयो । हाल गाउँपालिकाले राजस्व परिचालनमा स्फट्वेयर प्रणाली शुरु गरेको जानाकारी गराउदै जनताको सामर्थ्यको आधारमा करको दर निर्धारण गर्न र व्यवसाय करलाई विस्तार गर्नुपर्ने कुरालाई जोड दिनु भएको थियो ।



कार्यक्रमको अध्यक्षता गरिरहनु भएका गाउँपालिकाका उपाध्यक्ष तथा स्थानीय राजस्व परामर्श समितिका संयोजकले समापन मन्तव्य व्यक्त गर्नुभएको थियो । यस ज्वालामुखी गाउँपालिकाको राजस्वका क्षेत्र कम भएपनि व्यवहारिक बनाउन राजस्व परामर्श समिति सक्रिय रहेको, राष्ट्रिय गौरवको गण्डकी हाईड्रो पावर आयोजनाको कारण ढुगां, गिट्टी वालुवा विक्रि तथा निकासीमा सहज नभएको तथा हाट बजारलाई प्रोत्साहन गर्नुपर्ने भनाई राख्नु भएको थियो । यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रमले व्यवहारीक रुपमा राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन सघाउने कुरा व्यक्त गर्दै कार्ययोजना अनुरुप कार्य अगाडी बढाईने जानाकारी गराउनु भयो । अन्त्यमा सहभागी सम्पुर्ण लाई धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भयको थियो । कार्यक्रमको सञ्चालन पूर्णिमा आयोजनाका गाउँपालिका योजना सल्लाहकार श्री कृष्ण बहादुर साहीले गर्नु भएको थियो ।

#### *१.५.६ प्रतिवेदनको अन्तिम रुप*

गाउँपालिकाका राजस्वसंग सम्बन्धीत मूख्य सरोकारवालापक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गुर्नभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## १.६ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

- कोभिड १९ को प्रकोपको समयमा यो अध्ययन कार्य गर्नुपरेकोले प्रत्यक्ष रुपमा स्थलगत रुपमा अध्ययन गर्न सम्भव भएन । यसका बाबजुद पनि आवश्यक पर्ने डकुमेन्टहरू गाउँपालिकाको वेवसाइट, सुचना प्रविधि अधिकृत मार्फत संकलन गरी भर्च्युयल बैठकबाट पृष्ठपोषण संकलन तथा योजना तथा कार्यक्रम तय गरिएको थियो ।

# परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ। यसले गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरिएको छ।

## २.१ गाउँपालिकाको गठन तथा नामांकरण

बाग्मती प्रदेश धादिङ जिल्ला अन्तर्गत पर्ने यस ज्वालामूखी गाउँपालिका निलकण्ठ नगरपालिकासँग जोडिएको गाउँपालिका हो । गाउँपालिका निर्माणका क्रममा साविकको मैदी गाविसलाई १ देखी ३ नं वडामा, साविकको ढोला गाविसलाई ४ नं वडा, साविकको खरी गाविसलाई ५ नं. वडा र साविकको चैनपुर गाविसलाई ६ र ७ नं. वडामा विभाजन गरिएको छ। यसरी यी चारवटा गाविसलाई मिलाएर यस गाउँपालिकाको ६ नं. वडामा रहेको प्रख्यात मन्दिर ज्वालामूखीको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो ।

## २.२ प्रशासनिक विभाजन

सात वटा वडामा विभाजित ज्वालामूखी गाउँपालिकामा क्षेत्रफलका हिसावले वडा ५ नं. सबैभन्दा ठूलो छ भने सबैभन्दा सानो वडा नं. ६ हो। वडा नं २, ४ र ५ आफ्नै भवनमा सञ्चालित रहेका छन। वडा नं १, ३, ६ र ७ का भवन निर्माणाधिन अवस्थामा रहेका छन। गाउँपालिकाको प्रशासनिक विभाजन तालिका १ मा प्रस्तुत गरिएको छ।

तालिका नं.१ : वडा कार्यालय सम्बन्धी विवरण

| वडा नं. | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल (वर्ग कि.मी.) | वडा कार्यालय रहेको स्थान | कार्यालय भवनको अवस्था |
|---|---|---|---|---|
| १ | मैदी (८,९) | १३.०९ | ठूलो चौर | निर्माणाधिन |
| २ | मैदी (४-७) | १४.३२ | सातदोबाटो | छ |
| ३ | मैदी (१-३) | १२.८४ | समिभञ्ज्याङ्ग | निर्माणाधिन |
| ४ | ढोला (१-९) | १८.३९ | रानाचौतारो | छ |
| ५ | खरी (१-९) | ३०.२२ | धुली मैदान | छ |
| ६ | चैनपुर (५-९) | ८.११ | सालबास | निर्माणाधिन |
| ७ | चैनपुर (१-४) | १५.९१ | कोलभडाँडा | निर्माणाधिन |
| **जम्मा** | | **११२.८८** | | |

*स्रोतः वस्तुस्थिति विवरण, ज्वालामूखी गाउँपालिका, २०७५*

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

यस गाउँपालिकाको पूर्वमा निलकण्ठ नगरपालिका, पश्चिम तर्फ गोरखा जिल्ला, उत्तर तर्फ निलकण्ठ नगरपालिका र त्रिपुरासुन्दरी गाउँपालिका तथा दक्षिण तर्फ सिद्धलेक गाउँपालिका अबस्थित छ। समुद्र सतहबाट अधिकतम १३४० मिटर सम्मको उचाईमा रहेको यो गाउँपालिकाको सबै भुभाग पहाडी भागमा पर्दछ। यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषियोग्य भुमि, वन, भीर र पाखोले ओगटेको छ।

मध्य पहाडी क्षेत्रमा अवस्थित यो गाउँपालिकाका अधिकांस क्षेत्र भिरालो पहाडी भुभागले भरिएको छ । यो गाउँपालिका साविकका चार गा.बि.स.हरु (चैनपुर, खरि, ढोला र मैदी) समावेश गरि वि.सं.२०७३ सालमा गठन गरिएको हो । ८४° ४४’ ३’ पूर्व देखि ८४° ५१’ २४’ पूर्वी देशान्तर तथा २७° ५१’ २३’ उत्तर देखि २७° ५८’

५४' उत्तर अक्षांस भित्र अवस्थित यस गाउँपालिकाको कुल क्षेत्रफल ११२.८ वर्ग कि.मी. क्षेत्रमा रहेको छ । यस गाउँपालिकाको अधिकांस भूभाग खेतीयोग्य जमिन (५२.३%), वन जंगल (४२.६%) र बाँकी थोरै भूभाग मात्र झाडी तथा भिरपाखाले ओगटेको छ । समुन्द्र सतहबाट सबैभन्दा कम उचाई ३४० मी. देखि ५०० मी. सम्मको भुभाग ९%, ५५० मी. देखि ७५० मी. को २६%, ७५० मी. देखि १००० मी.को ४२.५% र १००० मी. देखि १३४० मी.सम्मको भूभाग २२.५% रहेको छ ।

## २.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या

यस गाउँपालिकामा कुल ६९०८ घरधुरीमा ३२९२२ जनसंख्या रहेको छ । ती मध्ये महिला १५९०९ र पुरुष १७०१३ जना पुरुष रहेका छन् । सबैभन्दा बढी जनसङ्ख्या वडा न. ५ मा (५८४६) र सबैभन्दा कम जनसङ्ख्या वडा नं. २ मा (३६२८) रहेको छ । त्यस्तै यस गाउँपालिकाका वडागत घरधुरी सङ्ख्या सबैभन्दा बढी वडा नं. ४ मा १३१९ र सबैभन्दा कम वडा नं. २ मा ७२६ रहेका छ । यससम्बन्धी थप विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.२ : वडागत जनसंख्या तथा घरधुरी

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ८४७ | २००७ | १८७७ | ३८८४ |
| २ | ७२६ | १८७४ | १७५४ | ३६२८ |
| ३ | १०१५ | २६१३ | २४८६ | ५०९९ |
| ४ | १३१९ | ३०५० | २७५१ | ५८०१ |
| ५ | ११७६ | ३०५४ | २७९२ | ५८४६ |
| ६ | १०१३ | २४५० | २३८३ | ४८३३ |
| ७ | ८१२ | १९६५ | १८६६ | ३८३१ |
| **जम्मा** | **६९०८** | **१७०१३** | **१५९०९** | **३२९२२** |

*स्रोत: वस्तुस्थिति विवरण, ज्वालामूखी गाउँपालिका २०७५*

## २.५ आर्थिक अवस्था

गाउँपालिकाको पार्श्वचित्र अनुसार यस गाउँपालिकाको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । यहाँको कुल जनसंख्यामध्ये कृषिमा २३.१२ प्रतिशत, वैदेशिक रोजगारीमा ५.०२ प्रतिशत, नोकरी तथा जागिरमा ११ प्रतिशत उद्योग तथा व्यापार व्यवसायमा करिब ३.२२ प्रतिशत जनसंख्या संलग्न रहेको पाइन्छ ।
गाउँपालिकाको पार्श्वचित्र अनुसार एक परिवारले एक बर्ष भित्र गर्ने औसत आम्दानी र खर्चको विश्लेषण गर्दा कुल आम्दानीको औसतमा ९१.३% खर्च गर्ने र ८.७% वचत गर्ने सर्भेक्षणबाट देखिन्छ । प्रतिव्यक्ति आम्दानी रु ६२,१४६ मात्र देखिन्छ ।

यस गाउँपालिकामा आफ्नै उत्पादनले बाह्रै महिना खान पुग्ने जनसंख्या भने कमै रहेको सर्भेक्षणबाट देखिन्छ । आफ्नै उत्पादनले ९ महिना भन्दा बढी खान पुग्ने जनसंख्या करिब १७.७%, २२.८% धरधुरीलाई आफ्नै उत्पादनले १ देखि ३ महिना सम्म मात्र खान पुग्दछ । त्यस्तै गरी ३०.८५% घरधुरीलाई ४ देखि ६ महिना सम्म मात्र खान पुग्दछ, भने ७ दखि ९ महिना सम्म खान पुग्ने जनसंख्या भने मात्र १४.८% देखिन्छ । १३.८८% घरपरिवारबो खेति योग्य जमिन छैन ।

आवासीय संरचनाको अवस्था हेर्दा यस गाउँपालिकाको कुल घरधुरी ६९०८ मध्ये घर नभएका ९९ परिवार, एउटा मात्र घर भएका ५७८७ (८३.७७%), दुइ वटा घर भएका ९९७ (१४.४३%), तिन वटा घर भएका परिवार २३ र चारवटा घर भएका परिवार २ रहेका छन । यस प्रकार ६६१३ परिवार आफ्नै एकल घरमा वस्दछन भने सगोलमा वस्ने १७४ र भाडामा वस्ने १२१ परिवार रहेको सर्भेक्षणबाट देखिन्छ ।

घरको छानाको प्रकार अनुसार विश्लेषण गर्दा खर वा फुसको छाना भएको घर अझै पनि ७५ रहेका छन भने जस्ता वा च्यादरले छाएका घर ५६६८ रहेको छ । त्यस्तै गरी टायल वा ढुगांले छाएका घर ५४२ छन भने आरसिसि गरेका घरको संख्या ६२३ रहेका छन ।

घरको जगको अवस्थालाई सर्भेक्षणमा समावेस गर्दा ढुङ्गा, इटा वा माटोको जग भएका घर ४३६४ देखिन्छ भने सिमेन्ट सहितको ढुङ्गा इटाको जग भएको घर मात्र २१६५ देखिन्छ भने फ्रेम स्टक्चर भएको २६३ र काठको खम्बा भएका ११६ वटा रहेका छन ।

भवन मापदण्ड अनुसार वनेका घरको अवस्थाको बारेमा सर्भेक्षण गर्दा मापदण्ड विपरित वनेका घर ३१५५ ( ४५.६७%) मापदण्ड अनुसार वनेका ३६११ (५२.२७%) र मापदण्ड वारे थाहा नभएका घरहरु १४२ ( २.०६%) रहेको देखिन्छ। त्यस्तै गरी भुकम्प प्रतिरोधी संरचना सहित बनेको घरको बारेमा जानकारी लिदा भुकम्प प्रतिरोधी छ भन्ने ३७३६ (५४.०८%), छैन भन्ने ३०१९ (४३.७०%) र थाहा छैन भन्ने करिव १५३ ( २.२१%) देखियो। त्यस्तै गरी पालिका बाहिर घडेरी हुने १०९० (१५.७८%) घरपरिवार र पालिका वाहीर घडेरी नहुने परिवार करिब ५७२३ (८२.८५%) र थाहा छैन भन्ने करिव ९५ (१.३८%) रहेको सर्भेक्षणबाट देखिन्छ।

यस गाउँपालिकामा माछा पालन गर्ने घरपरिवार ज्यादै न्यून देखिएको छ, जुन ६ घरधुरी मात्र हो, जसबाट बार्षिक माछा उत्पादन १२१० कि.ग्रा.मात्र उत्पादन हुने गरेको देखिन्छ। त्यसै गरी मौरी पालन गर्ने घरधुरी १६३ (२.३६%) रहेका छन् भने सोबाट बार्षिक १६३ कि.ग्रा. भएको थियो ।

यस गाउँपालिकामा कृषि फर्म ५ वटा, खाजा घर ३३ वटा, किराना पसल ११३ वटा, कुखुरापालन फर्म १६ वटा गरी जम्मा गरी २३९ वटा व्यवसाय गाउँपालिकामा दर्ता भएका छन ।

## २.६ गाउँपालिकाको मानवीय संशाधन

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन भई आएको छ । यस गाउँपालिकामा जम्मा ३८ जना गाउँसभा सदस्यहरू रहेका छन । यस गाउँपालिकाको कार्यालयमा २०७७ असोज महिनासम्म कार्यरत कर्मचारीहरूको संख्यात्मक विवरण देहायअनुसार रहेको छ :

तालिका नं. ३: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या

***स्थायी सेवाका कर्मचारीहरुको विवरण***

| क्र.सं. | पद | शाखा | संख्या |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | | १ |
| २ | स्थानीय शिक्षा अधिकारी | शिक्षा, युवा तथा खेलकुद शाखा | १ |
| ३ | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | १ |
| ४ | प्रशासन अधिकृत | प्रशासन शाखा | १ |
| ५ | इन्जिनियर | प्राविधिक शाखा | १ |
| ६ | प्रशासन सहायक | प्रशासन शाखा | ६ |
| ७ | नायब सुब्बा | जिन्सि शाखा | १ |
| ८ | लेखा सहायक | आर्थिक प्रशासन शाखा | १ |
| ९ | आ.ले.प. सहायक | आर्थिक प्रशासन शाखा | १ |
| १० | प्राविधिक सहायक | शिक्षा शाखा | १ |
| ११ | सब इन्जिनियर | प्राविधिक शाखा | २ |
| १२ | असिस्टेन्ट सब इन्जिनियर | प्राविधिक शाखा | २ |

| क्र.सं. | पद | शाखा | संख्या |
|---|---|---|---|
| १३ | सहायक महिला विकास निरीक्षक | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | १ |
| १४ | कार्यालय सहयोगी | | १ |
| | जम्मा | | २१ |

***करार सेवाका कर्मचारीहरुको विवरण***

| क्र.सं. | पद | शाखा | संख्या |
|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | १ |
| २ | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | १ |
| ३ | सब इन्जिनियर | प्राविधिक शाखा | १ |
| ४ | प्राविधिक सहायक | रोजगार सेवा केन्द्र | १ |
| ५ | एम.आई.एस.अपरेटर | राष्ट्रिय परिचय पत्र तथा पंजीकरण शाखा | १ |
| ६ | फिल्ड सहायक | राष्ट्रिय परिचय पत्र तथा पंजीकरण शाखा | १ |
| ७ | प्रशासन सहायक | प्रशासन शाखा | ८ |
| ८ | नायव प्राविधिक सहायक | कृषि तथा पशु सेवा शाखा | ३ |
| ९ | कार्यालय सहयोगी | प्रशासन शाखा | ९ |
| १० | हलुका सवारी चालक | | २ |
| ११ | भारी उपकरण चालक र सहचालक | | २ |
| | जम्मा | | ३० |

## २.७ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिकाका सात वडा मध्ये ३ वटामा आफ्नै स्वामित्वमा वडा कार्यालय भवनहरू रहेका छन । बाँकी वडाहरूमा आफ्नै भवन निर्माणाधिन छन् । निर्माणाधिन अवस्थामा रहेका वडा कार्यालयहरू अहिले भाडामा सञ्चालन गरिएका छन । गाउँपालिका कार्यालय साँधभञ्ज्याङ्गमा रहेको छ । हालसम्म जग्गाको व्यवस्थापन हुन नसक्दा गाउँपालिका आफ्नै भवनमा सञ्चालन हुन सकेको छैन । नि:शुल्क जग्गा प्राप्त गर्ने क्रममा रहेको हुँदा छिट्टै आफ्नै भवन बन्नेछ ।

गाउँपालिका कार्यालयमा २ वटा एलसिडी टेलीभिजन सोलार ६ सेट, क्यामेरा २ थान, ठूला र साना गरी ४१ वटा प्रिन्टर, ल्यापटप २४ वटा, डेस्कटप कम्प्युटर ४५ थान, मोटर साइकल १८ थान, प्रोजेक्टर १ वटा, महिन्द्रा जीप बोलेरो १ वटा, स्कर्पियो १ वटा, जेसीबी १ वटा, घुम्ने कुर्सी ५० वटा, स्टील दराज ६५ वटा, सीसी क्यामेरा ८ थान र कार्यालय प्रयोजनका लागि आवश्यक अन्य न्यूनतम कार्यालय सामग्रीहरू रहेका छन् ।

# परिच्छेद – तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण पश्चात पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकार:**

**अ) कर**

- <u>सम्पत्ति कर</u>: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- <u>भूमि कर (मालपोत)</u>: आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- <u>घर जग्गा बहाल कर</u>: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- <u>व्यवसाय कर</u>: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- <u>सवारी कर</u>: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- <u>जडिबुटी, कवाडी र जीवजन्तु कर</u>: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- <u>बहाल बिटौरी शुल्क:</u> आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- <u>पार्किङ शुल्क:</u> आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा*( खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदान: खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदान: कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान: पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदान: कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

तालिका नं ४: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | छ | छ |
| २ | सम्पत्ति कर | छ | छैन | छैन |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | न्यून छ | छैन | छैन |
| ४ | घर जग्गा बहाल कर | छ | छ | छ |
| ५ | व्यवसाय कर | छ | छ | छ |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | न्यून छ | छ | छैन |
| ७ | विज्ञापन कर | छ | छ | छैन |
| ८ | मनोरञ्जन कर | छ | छ | छैन |
| **ख.** | **गैरकरतर्फ** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | छ | छ |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | छैन | छैन |
| ३ | नक्सापास दस्तुर | छ | छ | छ |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| ५ | बहाल विटौरी शुल्क | छ | छ | छैन |
| ६ | पार्किङ्ग शुल्क | छ | छ | छैन |
| ७ | सरकारी सम्पत्तिको बहालबाट आय | छ | छ | छ |
| ८ | अस्पताल संचालन | छैन | छैन | छैन |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छैन | छैन | छैन |
| १० | स्थानीय खानेपानी महसुल | छैन | छैन | छैन |
| ११ | स्थानीय विद्युत् महसुल | छैन | छैन | छैन |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | छ | छैन |
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छैन | छैन | छैन |
| १४ | मूल्यांकन सेवा शुल्क | छ | छ | छ |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | छ | छ |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | छ | छैन |
| १७ | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |
| १८ | दण्ड जरिवाना | छ | छ | छ |

## ३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ कर राजस्व

**क. सम्पत्ति कर**

**हालको अवस्था:**
यस गाउँपालिकाले हाल सम्म वर्तमान कानुनी प्रावधान अनुरुपको सम्पत्ति कर लागु गरेको छैन । विगतको आ.व. २०७५/७६ देखि सम्पत्ति कर (तत्कालिन एकीकृत सम्पत्तिकर) लागु गर्ने उद्देश्य अनुरुप सम्पत्तिकर सम्बन्धि तालिम कार्यक्रम संचालन गर्नुका साथै आवश्यक सफ्टवेयर जडान गरिएको छ । सोही आ.व.देखि लागु हुने गरि एकीकृत सम्पत्तिकरको प्रावधानमा परिमार्जन गरिए संगै केही अन्यौलताका कारण यो कर लागु नभएको बुझिन्छ ।

गाउँपालिकाको आ.व.२०७६/७७ को आर्थिक ऐनको दफा १३ मा मालपोत करलाई उल्लेख गरिएको छ । सम्पत्ति करलाई घर करको शिर्षकमा संकलन गरिएको छ । यसको साथै नागरिक वडापत्रमा एकिकृत सम्पत्ति कर सम्बन्धी उल्लेख गरिएको छ । आर्थिक ऐनको अनसुचीमा मालपोतलाई मालपोत दस्तुर भनेर खेत पाखोलाई अब्बल, दोयम, सिम चाहरमा वर्गीकरण गरी दर निर्धारण गरिएको छ । सम्पत्ति करलाई घर करको शिर्षकमा राखेर संकलन गरेको छ । गत आ.व.मा यस शिर्षकमा रु १,२३,२०० संकलन भएको थियो भने चालु आ.व.को चैत्र मसान्तसम्ममा यस शिर्षकमा रकम संकलन भएको छैन ।

**संभाव्यता:**
गाउँपालिकाको वस्तुस्थिति विवरण २०७५ अनुसार यहाँ कुल ६९०८ घरधुरी रहेका छन् । विद्यमान कानूनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल ६९०८ घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । तसर्थ गाउँपालिका प्रोफाइलमा उल्लेख भए वमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई घरहरूलाई कच्ची र फुस/खरले छाएका घर, ढुंगा,माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुगांले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ ।  यसअनुसार हुन आउने सम्पत्ति करको गणना निम्नअनुसार रहेको छ :

तालिका नं. ५ : सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| करदाता सम्बन्धी विवरण | करदाता संख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय (रु.) |
|---|---|---|---|
| कच्ची र फुस/खरले_छाएको घर भएका करदाता | ७५ | १५० | ११,२५० |
| ढुंगा,माटो र टायल/टिनको छानोको घर भएका | ५६६८ | ३०० | १६,९७,४०० |
| टायल वा ढुगांले छाएका सिमेन्टेड घर भएका करदाता | ५४२ | ५०० | २,७१,००० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | ६२३ | ८०० | ४,९८,४०० |
| **जम्मा** | ६९०८ | | २४,७८,०५० |

**सुधारका पक्षहरू:**
सम्पत्ति कर कार्यान्वयनका लागि गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छ :

- चालु आ.व.को आर्थिक ऐनमा दफा अनुसार अनुसूची नभएकाले आगामी आवमा त्यसलाई सच्याएर दफा अनुसारका अनुसूची मिलान गरी बनाउने

- घर करको रुपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर गाउँपालिका कार्यालय तथा सबै वडारूबाट संकलन गर्ने
- सम्पत्ति करलाई घर करको शिर्षकमा नराखि सम्पत्ति करको शिर्षकमा राख्नुपर्ने ।

## ख मालपोत वा भूमि कर

**हालको अवस्थाः**

गाउँपालिकाको आ.व.२०७६/७७ को आर्थिक ऐनको अनुसुची १२ बमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ भनी उल्लेख गरिएको छ । सम्पत्ति करलाई घर कर भनी लेखिएको छ भने मालपोत करलाई मालपोत दस्तुर शिर्षक दिएर बारी र खेतलाई परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार-चार समूहमा वर्गीकरण जग्गाको क्षेत्रफलको आधारमा कर संकलन गर्ने व्यवस्था गरिएको छ । आ.व.२०७५/७६ मा यस शीर्षकमा कुल रु १,९३,४३८ संकलन भएको थियो । आ.व.२०७६/७७ को चैत्र मसान्त सम्ममा २,०५,५६१ राजश्व संकलन भएको छ ।

**संभाव्यताः**

गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार कुल घरधुरी ६८०९ मध्ये जम्मा ६२७९ घरधुरी संग औसत ७.६ रोपनिका दरले जग्गाको स्वामित्व रहेको देखिन्छ । त्यसैगरि गाउँपालिका भन्दा अन्यत्र बसाई भएका व्यक्तिहरुको स्वामित्वमा समेत जग्गा हुन सक्ने अनुमानका आधारम करिब ८००० घरपरिवारको नाममा जग्गा रहेको अनुमान गरिएको छ । यसरी करिब ८००० परिवारको नाममा औसत ७.६ रोपनिका दरले जम्मा ६०८०० रोपनि मालापोत योग्य जग्गा हुने देखिन्छ । उपरोक्त जमीनमा गाउँपालिकाले प्रगतिशिल करको दर निर्धारण गरि जमीनको वर्गिकरण अनुसार कर लगाउँदा प्रति रोपनीको औसत रु. २० का दरले कुल रु. १२ लाख १६ हजार असुल हुन सक्ने सम्भावना रहन्छ ।

**सुधारका पक्षहरूः**

यस सम्बन्धमा सुधारका पक्षहरू देहायअनुसार छन् :

- मालपोत कार्यालयसँग समन्वय गरी गाउँपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

## ग. घरजग्गा वहाल कर

**हालको अवस्थाः**

गाउँपालिकाको चालू आर्थिक ऐनको दफा २ तथा अनुसुची १ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा १० प्रतिशतका दरले घरबहाल कर लगाई असुल उपर गरिनेछ भन्ने उल्लेख गरेको छ । गाउँपालिकाको पार्श्वचित्र

अनुसार यस गाउँपालिकामा १२१ परिवार भाडामा बस्दै आएका छन । गत वर्ष यस शिर्षकमा रु ६१,४२५ संकलन भएको थियो भने चालु आ.व.को चैत्र मसान्त सम्ममा यस शिर्षकमा राजश्व संकलन भएको छैन ।

**संभाव्यता:**

यस गाउँपालिका क्षेत्रमा न्यून घर तथा जग्गा मात्र बहालमा रहेका छन् । गाउँपालिकाको प्रोफाइल अनुसार १२१ परिवार भाडाको घरमा बसेका छन् । यसप्रकार गाउँपालिकामा उल्लेखित १२१ परिबारले भाडा बापत वार्षिक करिब रु. २१ लाख ७८ हजार (औसत मासिक रु. १५०० का दरले) हजार आम्दानी गरेका छन् भने त्यसको १० प्रतिशत कर लिंदा २१७,८०० प्राप्त हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- घर जग्गा बहालमा लगाउने वस्ने व्यक्तिको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।

## घ. व्यवसाय कर

**हालको अवस्था:**

गाउँपालिकाले आर्थिक ऐनको दफा ३ मा व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । अनुसुची २ मा विभिन्न व्यवसायमा लाग्ने व्यवसाय कर सम्बन्धी व्यवस्था गरेको छ । यसको साथै व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०७५ जारी गरेको छ । गाउँपालिकाले घुम्ती शिविर सञ्चालन गरी आ.व. ०७५/७६ मा रु.४,४७,७०० संकलन गरेको थियो भने आ.व ७६/७७ को चैत्र मसान्तसंम ३,१६,६०० संकलन भएको छ । आ.व ७६/७७ मा कृषि फर्म १९ वटा, किराना ४० वटा, कपडा तथा फेन्सी ८ वटा, खाजा होटल १२ वटा र अन्य ५ वटा गरी जम्मा ८४ वटा व्यवसायिक फर्म दर्ता भएका छन् ।

**संभावना:**

यस गाउँपालिकाको पार्श्वचित्र २०७५ तथा वार्षिक योजना २०७६ मा गाउँपालिका क्षेत्रमा भएका व्यवसायहरु सम्बन्धमा विवरण उल्लेख गरिएको छ । गाउँपालिकाको प्रकाशन, केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को नतिजा (गाउँपालिकामा जम्मा ६४८ वटा व्यवसायहरु रहेका र १८०६ जना त्यसमा आवद्ध), गाउँपालिकामा दर्ता भएका व्यवसायहरुको विवरणका आधारमा व्यवसायको संख्या अनुमान गरिएको छ । यस गाउँपालिकामा करिब ५१७ वटा विभिन्न किसिमका व्यवसायहरु संचालनमा रहेको अनुमान छ । सोही आधारमा विश्लेषण गरि व्यवसाय करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ :

तालिका नं. ६ : व्यवसाय करको सम्भाव्यता विवरण

| क्र.सं | विवरण | अनुमाननित संख्या | औसत करको दर रु. | संभावित आय रु. |
|---|---|---|---|---|
| १ | ठुला तथा मध्यम उद्योग | २२ | ५,००० | ११०,००० |
| २ | घट्ट तथा कुटानी पिसानी मिल | ६४ | १,५०० | ९६,००० |
| ३ | बैंक तथा वित्तिय संस्था | २ | ७,००० | १४,००० |
| ४ | सहकारी | २९ | ३,००० | ८७,००० |
| ५ | होटल, रेष्टुरेन्ट | ६ | १,५०० | ९,००० |
| ६ | व्यवसायीक कृषि तथा पशुपालन फर्म | ३३ | १,००० | ३३,००० |
| ७ | फ्रेस हाउस (मासु पसल) | ६ | ३,००० | १८,००० |

| क्र.सं | विवरण | अनुमाननित संख्या | औसत करको दर रु. | संभावित आय रु. |
|---|---|---|---|---|
| ८ | अन्य थोक तथा ठुला पसल | ३० | २,००० | ६०,००० |
| ९ | अन्य खुद्रा पसल | ३२५ | ८०० | २६०,००० |
| | **जम्मा** | **५१७** | | **६८७,०००** |

**सुधारका पक्षहरू:**

गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- गाउँपालिकामा संचालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

## ङ. विज्ञापन कर

**हालको अवस्था:**

यस गाउँपालिकाको आर्थिक ऐनमा विज्ञापन कर सम्बन्धी व्यवस्था संगै करको दर समेत उल्लेख गरिएको छ । विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ । पर्यटकीय सम्भावना रहेका स्थानहरूमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर संकलन गर्न सक्ने संभावना रहेता पनि विज्ञापन सामग्री उपलब्ध नभएकाले आगामी वर्षका लागि कुनै अनुमान गरिएको छैन ।

**संभावना:**

गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा अनुमानित रु. ५० हजार सम्म संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- विज्ञापनका सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरूको यथार्थ तथ्याङ्क संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### ३.३.२ गैर कर राजस्व

## क) बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**हालको अवस्था :**
केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढु ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँडको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ। साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।

तसर्थ गाउँपालिका स्वयंले बिकी दर निर्धारण गरि बिक्री गर्न सक्ने प्रावधान भएपनि हालसम्म यो प्रावधान लागु भएको छैन। गत आर्थिक ऐनमा प्रदेश कानुन अनुशार दहत्तर, बहत्तर आदिको संकलन तथा बिक्री गरी बिक्री शुल्क लगाइने र असूल उपर गर्ने व्यवस्था गरिएको छ। गाउँपालिकाको वडा नं. १, ५ र ७ का विभिन्न सम्भाव्य स्थानहरुको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) गरि उत्खनन गर्न सकिने परिमाण (१६९,६५३.७५ घन मिटर) र उल्लेखित स्थानहरुबाट जम्मा रु. ५ करोड ३८ लाख ७८ हजार ६३९ संकलन हुन सम्ने सम्भावना उल्लेख गरिएको छ।

गाउँपालिकाको आर्थिक ऐनको दफा १५ मा नदीजन्य पदार्थको बिक्री गर्न सकिने व्यवस्था गरेको छ। यसको दर यस ऐनको अनुसूची १४ मा प्रति घनमीटर रु ९ तोकिएको छ। यस गाउँपालिकाले आ.व २०७६/७७ मा वडा नं १ को मजुवाटार, दरवुङघाट, जेगोटार र माझ्फटारबाट ६५ लाख, वडा नं ५ को सिम्ले, पिपलटार, कालीमटी, पहरे तथा मस्तेखोला आसपासबाट ६० लाख र वडा नं ७ कै रामपुरटार, एकलटार, तथा आँखु खोलाबाट ५५ लाखमा ठेक्का निर्धारण भई जम्मा रु.१ करोड ८० लाख संकलन भएको देखिन्छ।

**सम्भावना :**
गाउँपालिकाले सम्भाव्य क्षेत्रको प्रारम्भिक वातावरणिय परिक्षण गरि उत्खनन गर्न सकिने परिमाण र उल्लेखित स्थानहरुबाट जम्मा रु. ५ करोड ३८ लाख ७८ हजार ६३९ संकलन हुन सम्ने सम्भावना देखिएता पनि हालको बिक्री अवस्था र बजारलाई मध्येनजर गर्दा आगामी आ.व.मा जम्मा १ करोड ५० लाख संकलन हुने अनुमान गरिएको छ।

**सुधारका पक्षहरू :**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् तथा बिक्री कार्यका लागि गराउन ठेक्का आव्हान गर्ने।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने। प्रारम्भिक वातावरणीय परीक्षण गरी ठेक्का नलागुञ्जेलका लागि गाउँपालिका स्वयम्ले अमानतमार्फत् रकम संकलन गर्ने।

- गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

## ख) बहाल बिटौरी शुल्क

**हालको अवस्थाः**

गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । यस गाउँपालिका क्षेत्रमा बहाल बिटौरी शुल्क उठाउने गरिएको छैन । यस सम्बन्धी व्यवस्था आर्थिक ऐनको दफा ८ को अनुसूची (७) मा भए बमोजिम असुल उपर गरिनेछ भनी स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

**संभावनाः**

गाउँपालिकाले आवश्यक पहल गरेको खण्डमा यस शिर्षक अन्तर्गत करिब रु. १ लाख संकलन हुने अनुमान गरिएको छ ।

## ग) नक्सा पास दस्तुर

**हालको अवस्थाः**

आर्थिक ऐन २०७७ को दफा १४ मा स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची १३ मा तोकएको दर अनुसार सेवा शुल्क तथा दस्तुर संकलन गर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले नक्सा पास निर्देशिका २०७६ जारी गरी कार्यान्वयनमा ल्याएको छ । जसले गर्दा नक्सा पास गर्नुपर्छ भन्ने भावना बसेको र आ.व ७५/७६ वर्ष यस शिर्षकमा रु ६७,५९२ राजश्व संकलन भएको थियो । आ.व. ७६/७७ को चैत्र मसान्तसम्म यस शिर्षकमा छुट्टै रकम संकलन भएको छैन ।

**सम्भावनाः**

नयाँ निर्माण हुने सबै घरहरूको विद्यमान कानुनी व्यवस्थाअनुसार नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरूको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन जान्छ। गाउँपालिका संगको छलफलका क्रममा प्राप्त तथ्यांक अनुशार आगामी आ.व.मा जम्मा ७० वटा नयाँ घरहरुले नक्सापास इजाजत लिने र करिब १२५० वटा पुराना घरहरु अभिलेखिकरणमा आउने अनुमान गरिएको छ । नक्सापास दस्तुर संकलनको अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७ : अभिलेखीकरण तथा नक्सा पास दस्तुरको सम्भावना

| क्र.सं. | शुल्क दस्तुर | अनुमानित संख्या | औसत क्षेत्रफल (वर्ग फुट) | दर (रु प्रति व.फि.) | राजस्व रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | नक्सापास आर.सी.सी. घर | ३० | १००० | ६ | १८०००० |
| २ | नक्सापास कच्ची, ट्रस | ४० | ५०० | ३ | ६०००० |
| ३ | अभिलेखिकरण (पुराना घर) | १२५० | | २५० (एकमुष्ठ) | ३१२५०० |
| ४ | नक्सापास फारम (पुस्तक) | १०० | | ५०० (एकमुष्ठ) | ५०००० |
| **कुल राजस्व** | | | | | ६०२५०० |

**सुधारका पक्षहरूः**

घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

## घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था:**
स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । आर्थिक ऐनको दफा ११ मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अनुसूची १०.४ मा इजाजत सेवा सम्बन्धी व्यवस्था गरेको छ । यसको साथै गाउँपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र प्रदान कार्यविधि २०७५*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर संकलन गरिरहेको छ । गत आ.व.मा यस शिर्षकमा रु २२,००० संकलन भएको थियो भने चालु आ.व.को चैत्र मसान्तसम्म रु ३,१६,६०० संकलन भएको छ ।

**सम्भावना :**
गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ । गाउँपालिकामा यस्ता व्यवासायिक फर्महरू २५ वटा अनुमान गरिएको र औसत रु ७००० का दरले जम्मा रु १,७५,००० संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

## ङ) सिफारिश तथा प्रमाणित दस्तुर :

**हालको अवस्था:**
गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट संकलन गरिआएको छ । आर्थिक ऐनले सेवा शुल्क शीर्षकमा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश तथा प्रमाणित दस्तुर बापत आ.व.२०७५/७६ मा कुल रु.८,४७,४४५ संकलन भएको थियो भने आ.व. ७६/७७ को चैत्र मसान्तसम्म यस शिर्षकमा रु २,०५,७९० संकलन भएको छ ।

**सम्भावना:**
कार्यशालका दौरान गरिएको छलफल अनुशार गाउँपालिकाका ७ वटा वडाहरुले औसत ६०० का दरले वार्षिक ४२०० वटा शुल्क लाग्ने सिफारिश गर्ने अनुमान गरिएको छ । त्यस्ता सिफारिशहरुबाट औसत रु. २५० का दरले जम्मा रु. १० लाख ५० हजार संकलन हुने देखिन्छ । त्यसैगरि गाउँपालिकाले करिब २५० वटा (औसत रु.

१००० दस्तुर लाग्ने) विभिन्न सिफारीशहरु गर्ने अनुमान गरियो जसबाट रु. जम्मा २ लाख ५० हजार संकलन हुने देखिन्छ । यसरी गाउँपालिकाले आगामी आ.व.मा सिफारिश तथा प्रभाणित दस्तुर बाट जम्मा रु. १३ लाख संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

## च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

**हालको अवस्था:**

हाल यस शीर्षकमा गाउंपालिकाले भारी उपकरण सञ्चालन सम्बन्धी कार्यविधि-२०७५ बनाई जेसिवी भाडामा लगाई आम्दानी गरेको भएता पनि शुत्र सफ्टवेयरमा यसको शिर्षक नभएको हुँदा यस शिर्षकमा रकम संकलन देखिदैन । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको पनि छैन । आ.व.२०७५/७६ मा यस शीर्षकमा उठेको रकम अलगै नराखिंदा कति रकम उठेको थियो भन्ने एकिन गर्नुपर्छ । यस गाउँपालिकाको स्वामित्वमा रहेका निम्न भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ :

- जेसीबी
- प्रोजेक्टर

**सम्भावना:**

गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्को आधारमा नभएकाले आगामी आ.व.मा देहायअनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ :

तालिका नं. ७ : सम्पत्तिको बहालबाट प्राप्त हून सक्ने आयको सम्भाव्यता विवरण

| क्र. सं. | स्वामित्वमा रहेको सम्पत्ति | अनुमानित संभाव्य आय |
|---|---|---|
| १ | जेसीबि (व्याक होल लोडर) | २००००० |
| २ | प्रोजेक्टर भाडा | २०००० |
| | **जम्मा** | २,२०,००० |

**सुधारका पक्षहरू:**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

# परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

तालिका नं. ८ : राजस्व परामर्श समिति

| क्र.सं. | समितिका व्यक्तिहरू (पद) | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | श्री जानुका सिंखडा | संयोजक |
| २ | श्री बद्रीनाथ लम्साल | सदस्य |
| ३ | श्री अर्जुन अर्याल | सदस्य |
| ४ | श्री नरेन्द्र भट्ट | सदस्य |
| ५ | श्री मायानाथ सिलवाल | सदस्य |
| ६ | तारादेवी राना मगर | सदस्य |
| ७ | राजेश अधिकारी | सदस्य |
| ८ | कमल प्रसाद काफ्ले | सदस्य सचिव |

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकताअनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेश गर्ने गरेको छ । राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने सम्बन्धमा छलफल गरी आ.व. २०७६/७७ मा लागू भएका राजस्वसम्बन्धी नीति तथा कानुनलाई नै आर्थिक वर्ष २०७६/७७ मा समेत निरन्तरता दिने गरी सर्वसम्मत निर्णय गरिएको छ । स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा **अनुसूची ४** मा संलग्न गरिएको छ। गाउँपालिकाको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति देहायअनुसार रहेका छन् :

- *नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजश्व निर्धारण गरिने छ ।*
- *सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरि आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।*
- *गाउँपालिकाले राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी थप राजश्वका क्षेत्रहरूको पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिवृद्धि गर्ने तर्फ सम्बन्धित सबै क्षेत्र र वर्गलाई करको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ ।*
- *गाउँपालिकाको राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन नियम तथा कार्याविधिको अधीनमा रही राजश्व परामर्श समितिको सिफारिसको आधारमा करका दायराहरू निर्धारण गरिनेछ ।*
- *राजस्व सम्बन्धी संभाव्यता अध्ययन कार्य यसै वर्ष अगाडि बढाइनेछ । राजस्व सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कर प्रणालीलाई व्यवस्थित, वैज्ञानिक बनाइनेछ ।*

- *सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित बनाईने छ*

## ४.२ विगतको राजस्व संकलनको अवस्था

गाउँपालिकासँग विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षकगत आयसम्बन्धी अभिलेख रहेको देखिँदैन । हालसम्म आन्तरिक आयको अनुमान गर्दा समेत शीर्षकगत रुपमा नगरेर एकमुष्ठ गर्ने गरेको पाइन्छ । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई प्रभावकारी बनाउन कठिनाइ रहेको छ । गाउँपालिकाकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाले विगत आ.व.२०७४/७५ र २०७५/७६ मा संकलन गरेको यथार्थ आय तथा चालु आ.व. २०७६/७७ का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय अनुसार रहेको छ :

तालिका नं. ९ : गाउँपालिकाको राजस्व संरचना

*रु. हजारमा*

| आय शीर्षक | २०७४।०७५ को यथार्थ आय | २०७५।०७६ को यथार्थ आय | २०७६।०७७ को अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | **३,७००** | **१३,६९२** | **२६,८७१** |
| आन्तरिक आम्दानी | ३,७०० | १३,६९२ | २६,८७१ |
| **ख. राजस्व बाँडफाँड** | **-** | **६०,९०२** | **८६,५६१** |
| संघीय सरकार बाट (मु.अ.कर तथा अन्तः शुल्क) | - | ५१,४३८ | ८६,५६१ |
| प्रदेश सरकार बाट (सवारी साधन) | - | ९,४६४ | - |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | **२६४,५६०** | **४०६,४८३** | **२८७,५६१** |
| संघीय सरकार | | | |
| समानीकरण अनुदान | १७०,३२९ | १३६,५०० | १३४,४०० |
| सशर्त अनुदान | ९४,२३१ | १३५,०५८ | १४१,४०० |
| अन्य अनुदान | - | ८०,८२५ | - |
| प्रदेश सरकार | | | |
| समानिकरण अनुदान | - | ७,८२५ | ९,९७८ |
| सशर्त अनुदान | - | ३५,२८९ | १,७८३ |
| समपुरक अनुदान | | १०,००० | - |
| अन्य संस्थागत आन्तरिक अनुदान | - | ९८६ | - |
| **कुल जम्मा** | **२६८,२६०** | **४८१,०७७** | **४००,९९३** |

माथिको तालिकाबाट यस गाउँपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिएअनुसार आन्तरिक आयको हिस्सा निकै कमजोर देखिन्छ र गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान र कार्यक्रम बापतका रकम नै रहेको देखिन्छ ।

## ४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको ।
- राजस्वसम्बन्धी कामकाजका लागि प्रशासनिक रुपमा राजस्व उपशाखा गठन भई काम गरिरहेको ।

- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रयाप्त नरहेको ।
- राजस्व संकलन कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा कम्प्युटर तथा सफ्फ्टवेयर जडान भएको ।
- राजस्व संकलनमा वडास्तरमा कम्प्युटर विलिङ्ग प्रयोग भइरहेको ।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरूले संकलन भएको रकम साप्ताहिक रुपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको ।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको आय परिचालनमा सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

***क) कर संकलन सामर्थ्यको अभिवृद्धि***

*संविधान/कानुनद्वारा अख्तियारप्राप्त तथा गाउँपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल करजस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैन । कर संकलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा कृयाकलाप पहिचान गरिएअनुरुप तिनीहरको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।*

***ख) संगठनात्मक संरचना र कर्मचारी व्यवस्था***

*गाउँपालिका राजस्व उपशाखाकै लागि छुट्टै कर्मचारी व्यवस्था छैन, अन्य जिम्मेवारी समेत भएका कर्मचारीलाई कामको जिम्मेवारी दिइएको छ र यसले गर्दा एकै व्यक्तिमा कामको भार बढ्न गई कामको प्राथमिकतामा अलमलको स्थिति सिर्जना भएको छ । गाउँपालिको संगठन व्यवस्थापन सर्भेक्षण गरी गाउँपालिकाका कार्यालयमा शाखा, उपशाखा, एकाइहरूको आवश्यकता पहिचान गरी सम्बन्धित शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका आधारमा गाउँसभाबाट कर्मचारी दरबन्दी स्वीकृत गरी राजस्व उपशाखाका लागि छुट्टै कर्मचारीको व्यवस्था गर्नु आवश्यक रहेको छ ।*

***ग) आर्थिक ऐनमा सुधार***

*गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सबै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ ।*

गाउँपालिकाको जे.सी.बी. तथा अन्य यन्त्रउपकरण जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सबै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । आगामी आ.व. २०७७/७८ का लागि आर्थिक ऐनको नमूना मस्यौदा **अनुसूची ५** मा संलग्न गरिएको छ ।

### घ) तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयमा वृद्धिका लागि आन्तरिक आयका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । यस अन्तर्गत गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा हरेक वर्ष अद्यावधिक गर्नुपर्ने जस्ता विषयहरू समावेश रहन्छन् । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### ङ) कार्यविधि तर्जुमा

आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी गाउँपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

### ज) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

### झ) सामाजिक-आर्थिक अवस्था र कर संकलन सामर्थ्यबीचको सामञ्जस्यता

स्थानीय स्तरमा आजआर्जनका अवसरहरूको कमी रहेको छ । कृषि क्षेत्र जीवन निर्वाहमुखी छ । जनसंख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरु थपिनु समस्याका रुपमा रहन सक्दछ । अर्कातर्फ, कानुनले अधिकार दिएका क्षेत्रहरूमा कर संकलन नगर्दा गाउँपालिकाले कर संकलन सामर्थ्य कमजोर देखिन सक्ने भएकाले सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नुपर्दछ ।

### ञ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा गाउँपालिकाले आगामी आ.व.को राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागि तत्काल गर्नुपर्ने कृयाकलापहरुको पहिचान गरि कार्ययोजनाको रुपमा प्रस्तुत गरिएको छ । परामर्शदाताद्वारा संकलित तथ्यांक तथा सूचनाहरु, तिनीहरुको विश्लेषणबाट आएका नतिजाहरू तथा गाउँपालिकाका सम्बद्ध पक्षहरुसंग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ ।

**तालिका नं. १० : राजस्व सुधार कार्ययोजना**

**क. कर राजस्व सुधार योजना**

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर/मालपोत** | | |
| १.१ | जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति<br>गाउँसभा |
| १.२ | घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने | २०७७ पौष देखि अर्धवार्षिक रुपमा नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| २ | **सम्पत्ति कर** | | |
| २.१ | आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति<br>गाउँसभा |
| २.२ | सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने | २०७७ पौषसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २.३ | वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | २०७७ मंसिर देखि नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| २.४ | सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने | २०७७ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | **घर जग्गा वहाल कर** | | |
| ३.१ | प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति<br>गाउँसभा |
| ३.२ | बहालमा भएका घर तथा जग्गाहरुको लगत संकलन गर्ने । | २०७७ पौषसम्म | राजस्व शाखा<br>वडा कार्यालय |
| ३.३ | बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई सम्पूर्णलाई करको दायरमा ल्याउने | २०७७ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजश्व परामर्श समिति, वडा कार्यालय |
| ४ | **व्यवसाय कर** | | |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ४.१ | व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरि लागु गर्ने । | २०७७ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ४.२ | व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७७ असारासम्म | राजस्व परामर्श समिति तथा गाउँसभा |
| ४.३ | दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने | नियमित | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| ४.४ | व्यवसाय दर्ता तथा कर संकलनका लागि मुख्य बजारक्षेत्रहरुमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने | २०७७ पौष देखी अर्धवार्षिक रुपमा | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| **५** | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | | |
| ५.१ | जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने | २०७८ आषाढ मसान्त | राजस्व शाखा<br>राजश्व परामर्श समिति |
| ५.२ | जडीबुटी र कवाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गर्ने | २०७८ आषाढ मसान्त | गाउँ सभा,<br>कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री** | | |
| १.१ | बिक्री दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने | २०७७ आषाढ मसान्त | राजश्व परामर्श समिति<br>गाउँ सभा |
| १.२ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा ठेक्का आव्हान गर्ने ।<br>कुनै स्थानमा ठेक्का नलागेमा अमानतबाट संकलन गर्न सकिने व्यवस्थालाई समावेश गरी सो अनुरुप कार्यान्वयन गर्ने । | २०७७ असोज मसान्त | कार्यपालिका र प्रविधिक शाखा |
| १.३ | ठेक्कामा उल्लेख भएको शर्त नमानेमा हुन सक्ने कारबाही र दण्ड सजायको व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने । | २०७७ आषाढ मसान्त | राजश्व परामर्श समिति<br>गाउँ सभा |
| १.४ | नेपाल सरकारको “ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७” को प्रावधान अनुशार बिक्री तथा अनुगमन गर्ने | नियमित | राजश्व परामर्श समिति<br>कार्यपालिका |
| **२** | **नक्सा पास दस्तुर** | | |
| २.१ | घर निर्माण गर्दा नक्सा पास अनुमतिलाई कडाई गर्ने | निरन्तर | कार्यपालिका |
| २.२ | गाउँपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको | २०७७ श्रावण देखि | कार्यपालिका र |

| | | | |
|---|---|---|---|
| | अभिलेखीकरण गर्ने | निरन्तर | प्रविधिक शाखा |
| २.३ | निर्माण भइसकेका घरहरुको अभिलेखीकरण तथा नक्सापास नियमनका लागि घरधनीलाई सूचित गर्ने | २०७७ माघ मसान्त | गाउँ सभा, गाउँ कार्यपालिका र प्राविधिक शाखा |
| २.४ | नक्सापास कार्यका लागि इन्जिनियर तथा प्राविधिकहरुलाई तालिम प्रदान गर्ने | २०७७ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत |
| २.५ | नक्सापास तथा अभिलेखीकरण गर्नुपर्ने प्रावधान सहित सो प्रक्रियाबारे नागरिकलाई सुचित गर्ने | नियमित | प्राविधिक शाखा<br>वडा कार्यालयहरु |
| **३** | **बहाल विटौरी शुल्क** | | |
| ३.१ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीय व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि परिमार्जन गर्ने | २०७७ भाद्र मसान्त सम्म | गाउँ कार्यपालिका, कार्यपालिका |
| ३.२ | दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा सेवा शुल्क दस्तुरबाट टुक्र्याउने | २०७८ असार मसान्त | राजस्व परामर्श समिति, गाउँ सभा |
| ४ | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| ४.१ | गाउँपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने<br>- मुख्य बजार क्षेत्रमा खानेपानी सञ्चालन<br>- अतिथी गृह सञ्चालन<br>- हाट बजार संचालन<br>- पार्किङ्ग स्थल निर्माण आदी | २०७७ पौषसम्म | गाउँ कार्यपालिका, गाउँ सभा |
| ४.२ | पहिचान भएका क्षेत्रहरूको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने । | २०७७ माघसम्म | गाउँ कार्यपालिका |

## ग. राजस्व प्रशासन सुधार योजना

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने<br>- हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने । | २०७७ असार मसान्त | राजस्व परामर्श समिति, गाउँ सभा |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १.२ | राजस्व नीति सामर्थ्यमा आधारित तथा tax-benefit principle मा आधारित बनाउने | २०७७ कार्तिक मसान्त | गाउँ कार्यपालिका |
| २ | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| २.१ | राजस्व उपशाखा लाई शाखाको रुपमा स्थापना गर्ने | २०७७ चैत्रसम्म | कार्यपालिका |
| २.२ | राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने | २०७७ चैत्रसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २.३ | राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०७८ बैशाखसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २.४ | विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने | २०७८ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |
| ३.१ | विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने | २०७७ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| ३.२ | चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४ | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| ४.१ | यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने | २०७७ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| ४.२ | कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने | २०७७ माघ मसान्त | कार्यपालिका<br>गाउँ सभा |

# परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगमी तीन आर्थिक वर्षहरूका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात् आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७७।७८ देखि २०७९।८०) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

तालिका नं. ११ : आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपणका आधार

(रु. हजारमा)

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| **क** | **आन्तरिक आय तर्फ** | २२,८३३ | | १९,३९० |
| १ | सम्पत्ति कर | २,४७८ | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १,२३९ |
| २ | भूमी कर (मालपोत) | १,२१६ | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ७३० |
| ३ | घर बहाल कर | २१८ | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | १३१ |
| ४ | बहाल विटौरी शुल्क | १०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ९० |
| ५ | व्यवसाय कर | ६८७ | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ५८४ |
| ६ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १७५ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १५८ |
| ७ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २२० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २२० |
| ८ | अन्य बिक्रिबाट प्राप्त रकम | ५० | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्रीवापत आ.ब. २०७७।७८ मा रु ५० हजार संकलन हुने र त्यसपछि बार्षिक १५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान | ५० |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री ( ढुंगा, गिट्टी, बालुवा बिक्री) | १५,००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १३,५०० |
| १० | सेवा शुल्क (मुल्यांकन समेत) | ३७१ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३७१ |
| ११ | नक्सापास दस्तुर | ६०३ | | ६०३ |
| १२ | सिफारिश दस्तुर | १,०५० | | १,०५० |
| १३ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४५ | | ४५ |
| १४ | नाता प्रमाणित दस्तुर | ४५ | | ४५ |
| १५ | अन्य दस्तुर | २५० | | २५० |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १६ | न्यायिक दण्ड, जरिवाना र जफत | १० | | १० |
| १७ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १५ | | १५ |
| १८ | अन्य राजस्व | ३०० | माथि उल्लेखित बाहेक अन्य आय वार्षिक ३ लाख हुने अनुमान | ३०० |
| **ख** | **राजश्व बाँडफाँड** | | | ८८,६२१ |
| **ख.१** | ***संघीय सरकार*** | | | |
| १ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जान | ७३,१३७ |
| २ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | |
| ३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिशको आधारमा | २ |
| **ख.२** | ***प्रदेश सरकार*** | | | |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | आ.व. २०७७।७८मा २५ लाख र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २,५०० |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १२,९३२ |
| ३ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | आ.व. २०७७।७८ मा रु २० हजार प्राप्त हुने र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २० |
| ४ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | आ.व. २०७७।७८मा गाउँपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ३० |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | | ४७८,७६१ |
| **ग.१** | ***संघीय सरकार*** | | | |
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १३३,९०० |
| २ | शसर्त अनुदान | | | १८२,३०० |
| ३ | विषेश अनुदान | | | |
| ४ | समपुरक अनुदान | | | |
| ५ | अन्य अनुदान (*सामाजिक सुरक्षा, निर्वाचन क्षेत्र विकास तथा अन्य)* | | आ.ब. २०७५।७६ को यथार्थ आयमा २० प्रतिशतले बढ्ने र त्यसपछी ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ९६,९९० |
| **ग.२** | ***प्रदेश सरकार*** | | | |
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १०,००८ |
| २ | शसर्त अनुदान | | | २०,६०० |
| ३ | विषेश अनुदान | | | ३,००० |
| ४ | समपुरक अनुदान | | | २९,९६३ |
| **ग.३** | ***अन्य आन्तरिक अनुदान*** | | | |
| १ | अन्य संस्थागत आन्तरिक अनुदान | | आ.ब. २०७७।७८ मा रु १० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने | १,००० |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| | | | अनुमान | |
| २ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | आ.ब. २०७७।७८ मा रु १० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | १,००० |

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ ।

तालिका नं. १२ : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

रु. हजारमा

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १०००० | **राजस्व तथा अनुदान** | ४८१,०७७ | ४००,९९३ | ५८६,७७२ | ६३८,१२९ | ६७१,३४२ |
| | **आन्तरिक आय** | १३,६९२ | २६,८७१ | १९,३९० | २२,१४९ | २५,३११ |
| ११३१३ | सम्पत्ति कर | - | - | १,२३९ | १,४२५ | १,६३९ |
| ११३१४ | भूमी कर/मालपोत | - | - | ७३० | ८३९ | ९६५ |
| ११३२१ | घर बहाल कर | - | - | १३१ | १५७ | १८८ |
| १४६११ | व्यवसाय कर | - | - | ५८४ | ६७२ | ७७२ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | - | १५८ | १८२ | २०९ |
| ११३२२ | बहाल विटौरी शुल्क | - | - | ९० | १०४ | ११९ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | - | २२० | २४२ | २६६ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | - | - | ५० | ५८ | ६६ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | - | - | १३,५०० | १५,५२५ | १७,८५४ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क ( मुल्यांकन समेत) | - | - | ३७१ | ४२७ | ४९१ |
| १४२४२ | नक्सापास दस्तुर | - | - | ६०३ | ६६३ | ७३० |
| १४२४३ | सिफारिश दस्तुर | - | - | १,०५० | १,१५५ | १,२७१ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | - | - | ४५ | ५० | ५४ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | - | - | ४५ | ५० | ५४ |
| १४२४९ | अन्य दस्तुर | - | - | २५० | २७५ | ३०३ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | - | - | १० | ११ | १२ |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | – | – | १५ | १७ | १८ |
| १४५२९ | अन्य राजस्व | १३,६९२ | २६,८७१ | ३०० | ३०० | ३०० |
| | **राजस्व बाँडफाँड** | **६०,९०२** | **८६,५६१** | **८८,६२१** | **९३,१८१** | **९७,९८२** |
| | **संघीय सरकार** | **५१,४३८** | **८६,५६१** | **७३,१३९** | **७६,७९६** | **८०,६३६** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५१४३८ | ८६५६१ | ७३,१३७ | ७६,७९४ | ८०,६३४ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | – | – | २ | २ | २ |
| | **प्रदेश सरकार** | **९,४६४** | **–** | **१५,४८२** | **१६,३८५** | **१७,३४६** |
| ११४५६ | सवारी साधन कर | ९४६४ | – | १२,९३२ | १३,५७९ | १४,२५८ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर *(प्रदेशसंग राजस्व बाँडफाँड)* | – | – | २,५०० | २,७५० | ३,०२५ |
| ११४७१ | मनोरञ्जन कर | – | – | २० | २२ | २४ |
| ११४७२ | विज्ञापन कर | – | – | ३० | ३५ | ४० |
| | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **४०५,४९७** | **२८७,५६१** | **४७६,७६१** | **५२०,५९९** | **५४५,६२९** |
| | **संघीय सरकार** | **३५२,३८३** | **२७५,८००** | **४१३,१९०** | **४५३,८५०** | **४७५,५४२** |
| १३३११ | समानिकरण अनुदान | १३६५०० | १३४४०० | १३३,९०० | १४०,५९५ | १४७,६२५ |
| १३३१२ | शसर्त अनुदान चालु | १३५,०५८ | १४१,४०० | १८२,३०० | १९१,४१५ | २००,९८६ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | – | – | – | १०,००० | १०,००० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | – | – | – | १०,००० | १०,००० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ८०,८२५ | – | ९६,९९० | १०१,८४० | १०६,९३१ |
| | **प्रदेश सरकार** | **५३,११४** | **११,७६१** | **६३,५७१** | **६६,७५०** | **७०,०८७** |
| १३३११ | समानिकरण अनुदान | ७८२५ | ९९७८ | १०,००८ | १०,५०८ | ११,०३४ |
| १३३१२ | शसर्त अनुदान चालु | ३५,२८९ | १,७८३ | २०,६०० | २१,६३० | २२,७१२ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | १०,००० | – | ३,००० | ३,१५० | ३,३०८ |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | – | – | २९,९६३ | ३१,४६१ | ३३,०३४ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| | **अन्य आन्तरिक अनुदान** | **९८६** | **–** | **२,०००** | **२,२००** | **२,४२०** |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ९८६ | – | १,००० | १,१०० | १,२१० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान *(जनसहभागिता)* | – | – | १,००० | १,१०० | १,२१० |

# परिच्छेद – सात : कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिलाई फागुन महिनाभित्र आगामी तीन आर्थिक वर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ। त्यसैले हरेक आर्थिक वर्षको फागुन महिनासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरूको लागि आवश्यक आधार हुनेछ। राजस्व सुधारका नीति, क्रियाकलापहरू तथा बजेट अनुमान पश्चात् राजस्व सुधार कार्ययोजना अनुसारका क्रियाकलापहरू संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक वर्षको आय प्रक्षेपणका लागि त्यस अवधिसम्मको क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक वर्ष सम्पन्न भएपछि सो आर्थिक वर्षका लागि तय गरिएका क्रियाकलापहरू तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ। यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनका लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिश गरिएको छ।

**(क) कार्यालयस्तरको अनुगमनः** प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरू यो योजना कार्यान्वयन र अनुगमनमा बढी सक्रिय रहनु आवश्यक हुन्छ। स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक बसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको पुनरावलोकन/अनुगमन गरी लक्ष्य हासिल गर्नेतर्फ नीतिगत निर्णयहरू कार्यान्वयनमा ल्याउनु पर्दछ।

**(ख) राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्यांकनः** राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ। त्यसैगरी, आगामी आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारका लागि क्रियाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ। यसका अतिरिक्त आर्थिक वर्षको समाप्तीपश्चात् राजस्व सुधार योजनाको समीक्षा गरिन्छ।

**(ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्यांकनः** कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिले प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ। छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिन्छ।

**(घ) बाह्य अनुगमन तथा मूल्यांकनः** राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्न चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनका लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ। राजस्व प्रशासनसँग सम्बन्धित तथ्यांक बाहेक योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा करदाताहरूको अनुभूति संकलन पनि अनुगमनको मुख्य विधि हुनसक्नेछ।

# परिच्छेद – आठ : निष्कर्ष तथा सुझाव

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरुबाट तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो । विभिन्न फारमहरुको प्रयोग गरी गाउँ कार्यपालिकाको कार्यालय तथा सम्वन्धित अधिकारीहरुबाट समेत सूचना संकलन गरिएको थियो । हालको राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि आवश्यक कृयाकलापहरु पहिचान गरि राजस्व सुधार कार्ययोजना तर्जुमा गरियो । संकलित तथ्यांक, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ ।

## ८.१ निष्कर्ष तथा सुझाव

यस अध्ययन अनुसार ज्वालामूखी गाउँपालिकाको आगामी आ.व. २०७७७८ को कुल बजेट ५८ करोड ३६ लाख २९ हजार हुने देखिएको छ । यद्यपि प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय सो आ.व. मा १ करोड ६२ लाख ४७ हजार हुने अनुमान गरिएको छ, जुन कुल आयको करिब २.७८ प्रतिशत हुन आँउछ । सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचना देहाय अनुसार हुने प्रक्षेपण गरिएको छ :

तालिका नं. १३ : प्रक्षेपित आय संरचना

रु. हजारमा

| क्र. सं. | राजश्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १ | आन्तरिक आय | १३,६९२ | २६,८७१ | १९,३९० | २२,१४९ | २५,३११ |
| २ | राजस्व बाँडफाँड | | | | | |
| | *संघीय सरकार* | *५१,४३८* | *८६,५६१* | *७३,१३९* | *७६,७९६* | *८०,६३६* |
| | *प्रदेश सरकार* | *९,४६४* | - | *१५,४८२* | *१६,३८५* | *१७,३४६* |
| ३ | अनुदान तथा वित्तिय हस्तान्तरण | | | | | |
| | *संघीय सरकार* | *३५२,३८३* | *२७५,८००* | *४१३,१९०* | *४५३,८५०* | *४७५,५४२* |
| | *प्रदेश सरकार* | *५३,११४* | *११,७६१* | *६३,५७१* | *६६,७५०* | *७०,०८७* |
| | *अन्य आन्तरिक अनुदान* | *९८६* | - | *२,०००* | *२,२००* | *२,४२०* |
| | **जम्मा** | **४८१,०७७** | **४००,९९३** | **५८६,७७२** | **६३८,१२९** | **६७१,३४२** |
| | कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत) | २.८५ | ६.७० | ३.३० | ३.४७ | ३.७७ |

उल्लेख गरिएअनुसार प्रक्षेपित आय हासिल गर्नका लागि गाउँपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा सुधारका लागि सुझाइएका कदमहरु निम्नानुसार छन् :

- *राजश्व असुलीको अनुगमन कार्यमा राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।*
- *आर्थिक ऐन संसोधन गरी संघीय कानुन अनुकुलन र थप वस्तुपरक बनाउने ।*
- *आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने ।*
- *सम्पत्ति कर र मालपोत वा भूमिकर असुली व्यवस्था ब्यवस्थित गरी कम्प्यूटरीकृत अभिलेख तयार गर्ने ।*

- *घरवहाल कर तथा व्यवसाय करलाई प्रभावकारी कार्यान्वियन गर्ने ।*
- *राजस्व प्रशासन संग सम्बन्धित कर्मचारीहरुका लागि तालिमको व्यवस्था गर्ने ।*
- *प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्री सम्वन्धी वार्षिक ठेक्कालाई समयवद्ध र नियमित गर्ने ।*

गाउँपालिकालाई प्राप्त राजस्व अधिकारहरुमध्ये कतिपय अधिकारहरु क्रमिक रुपले परिष्कृत हुँदै आउँदा राजस्व व्यवस्थापनलाई त्यस अनुरुप स्तरोन्नति गर्नुपर्ने देखिन्छ । राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

# अनुसूचीहरू

## अनुसूची १ : सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७७।७८
- बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- ज्वालामूखी गाउँपालिकाको आर्थिक ऐन २०७६
